# ल्याबले कसरि IMU Nepal मा नमुना स्वाबको ब्यबस्थापन गर्ने?

IMU Nepal मा ल्याबले नमुना स्वाब संकलन पनि गर्न सक्ने भएकाले ल्याब संग दुइ वोटै एकाण्ट हुनु अनिवार्य छ।
पहिलो एकाउन्टः केसको दर्ता तथा स्वाब संकलन एकाउण्ट
दोश्रो एकाउन्टः संकलित स्वाबको बुझ्ने र परिक्षणको रिजल्ट भर्ने एकाउन्ट
यि दुबै प्रकारको एकाउण्ट ल्याबले IMU Nepal मार्फत प्राप्त गरि सक्नु पर्ने छ।

## केसको दर्ता तथा स्वाब संकलनको ब्यबस्थापान ल्याबमा कसरि गर्ने।

१) कोभिड -१९ को नमुना स्वाब दिनको लागि केस (वा ब्यक्ति) तयार भइसकेको अवस्थामा तुरुन्तै दर्ता गरि नमुना स्वाब लिनको लागि अगाडि बढ्ने। ल्याबमा दैनिक १०० भन्दा बढि कोभिड-१९ का केसहरुको दर्ता हुन्छ भने सके सम्म क्यु-आरकोडको प्रयोग गर्ने। त्यो क्यु-आरकोडको सबै डिजाईन IMU Nepal मार्फत प्राप्त गर्न सकिने छ। यस्ले धेरै समय बचत गर्ने छ। यसरि मोबाएलबाट दर्ता गर्दै सर्भरमा पठाउने।

२) सर्भरमा डाटा पुगिसके पछि Computer मा imucovid19.mohp.gov.np मा लगइन गर्ने। त्यहा भर्खर दर्ता भएको ब्यक्ति वा केस १५ अंङ्कको नम्बर सहित “Pending” देखिने छ। उक्त १५ अंङ्कको नम्बर लाई मोबाएल मार्फत ल्याबको युजरनेम ले लगइन गरि रिसिभ गरियो भन्दा पनि हुन्छ वा कम्पुटर मार्फत पनि रिसिभ गर्न सकिन्छ। तर धेरै केस हुदा कम्पयुटरमा भन्दा मोबाएलमा छिटो हुने छ।

३) आज दिन भरि रिसिभ भएका सबैको लिस्ट Excel Sheet मा प्रिन्ट गरि राख्ने। Excel Sheet मा ल्याबको आइडि आउने भएकाले अब टेस्ट रिजल्टको लागि ल्याबकै आइडि अनुसार मोबाएलमा रिजल्ट भर्दा हुने छ।

## ल्याबले बाहिरबाट एकमुष्ट संकलति भइ आएका नमुना स्वाबको VTM बुझ्दा कसरि बुझ्ने।

- बाहिरबाट आएका केसहरु IMU Nepal को सिस्टमबाट दर्ता गरेर आएका हुन कि हैन सुनिश्चित गर्ने।
- यदि IMU Nepal को सिस्टमबाट दर्ता गरेर आएका हुन भने IMU Nepal को सिस्टमबाट निकालिएको Excel Sheet पनि सगै हुनु जरुरि छ।
- यदि छैन भने त्यसअनुरुप च इमेल मार्फत भए पनि मगाउने।

| **पहिलो ४ अंक** | **दोश्रो ६ अंक** | **अन्तिम ५ अंक** |
|---|---|---|
| स्वाब संकलन गर्ने टोलिको युजर आइडि हो। यो सधै एउटै हुने छ। ↓ | यो स्वाब संकलित दिनको अङ्ग्रेजि मिति हो। (बर्ष-महिना-गते) ↓ | स्वाबको युनिक आइडि हो ↓ |
| *यो पहिलो र दोश्रोलाई हरेक दिनको लट नम्बर भनेर बुझ्न सक्नु हुने छ।* | | |
| **0701** | *201027* | **57895** |
| यो भाग सधै समान हुने छ। | यो नम्बर एक दिन भरिका लागि समान हुने छ। | यो पटक्कै पिच्छै फरक हुने छ। |

Excel Sheet मा हेरेर अघिल्लो ४ र ६ अंङ्क सबै समान भएको एउटै लटको रुपमा प्याक गरिएको छ कि छैन यकिन गर्ने। हरेक दिनकोलागि भिन्दा भिन्दै लट नम्बर हुनु पर्दछ भन्ने कुरा बुझाउने।

अब सबै कुरा सहि छ भन्न निश्चय भइसके पछि Excel Sheet मा दिइएको १५ अंङ्क राखि नमुना स्वाब बुझेको र आफ्नो ल्याबमा उक्त स्वाबलाई कुन

प्रोसेस नम्बर दिइएको छ उक्त नम्बर समेत राखेर नमुना स्वाब बुझेको कुरा निश्चय गर्ने।

यसरि बुझेको सबै केसहरु ल्याबको युजर आइडि र पासवर्डबाट कम्पयुटरमा गएर imucovid19.mohp.gov.np लगइन गरि रिसिभ भएको सबै केसहरुको Excel Sheet मा प्रिन्ट गर्ने।

किन Excel Sheet मा प्रिन्ट गर्ने। किनकि त्यसमा कुन केसको कुन संकलित आइडि र कुन ल्याबको आइडि समेत हुने भएकाले पछि टेस्ट रिजल्ट भर्न वा ब्यबस्थपान गर्न सजिलो हुनेछ।

ल्याबले स्वाब संकलन गर्दा पालन गर्नै पर्ने केहि प्रक्रिया र बिधिहरु।

१) ल्याबले केसको नमुना स्वाब संकलन गर्नको लागि भिन्दै मोबाइल डिभाइस र ल्याबमा रिसिभ गर्नको लागि भिन्दै मोबाएल डिभाइस प्रयोग गर्नु पर्ने हुन्छ। अर्थात दुइवोटा एकाउन्टको लागि २ वोटै मोवाएल डिभाइस अनिबार्य हुदा राम्रो।

२) ल्याबले लटमा स्वाब बुझ्दा IMU Nepal को सिस्टमबाट नै निस्कासन गरिएको हु-बहु अनिबार्य रुपमा Excel Sheet प्रिन्टमा माग गर्ने।

३) ल्याबले आफुले बुझिसकेको सबै रेकर्डको लागि पनि अनिबार्य हरेक दिन Excel Sheet प्रिन्ट गर्ने । ताकि भेरिफाई गर्न वा कस्लाइ कुन नम्बर दिइयो भन्ने समेत थाहा पाउन सजिलो हुने छ।

४) सके सम्म ल्याबले क्यु-आरकोडको ब्यबस्थापनमा जोड दिने त्यसको लागि IMU Nepal बाट सहयोग लिने।

# केहि प्रश्न तथा उत्तरहरु

१) के एकै पटकमा कोभिडको केसको दर्ता र स्वाब संकलन गर्न सकिन्छ?

उत्तरः सकिन्छ। दर्ता गर्दै जाँदा "Are you Collecting Swab now? भन्दा "Yes" मा थिचेर अगाडि बढ्नुहोस।

२) कोभिडको केस दर्ता गरियो तर नमुना स्वाब दिनको लागि ब्यक्ति आएन के गर्ने?

उत्तरः उक्त ब्यक्तिला आवश्यकता अनुसार मेटाउन सकिन्छ। त्यसको लागि imucovid19.mohp.gov.np मा लगइन गर्ने र माथि टपमा Message मा क्लिक गरि Create New Message मा क्लिक गरि IMU Nepal Centre मा डिलिट गर्नु पर्ने कुन-कुन हो त्यसको बिबरण पठाउने।

३) IMU Mobile App एपमा मेरो युजरनेम लगईन भएन के गर्ने?

उत्तरः मोबाएल एपमा लगइन गर्नको लागि अन्तिममा .app वा .lab छ कि छैन यकिन गर्ने, टाइप गर्दा गल्ति भएको छ कि निश्चित गर्ने. सबै कुरा परिक्षण गर्दा पनि नभएमा imucovid19.mohp.gov.np मा गएर पासवर्ड लगइन समस्या आएमा यहाँ जानुहोस मा गएर पासवर्ड नमिलेको भनेर फारम भर्नुहोस। फारममा निम्न अनुसारको सूचना अनिवार्य चाहिने छ।

- तपाइको युजरनेम, तपाइको पालिकाको नाम वा अस्पतालको नाम वा ल्याबको नाम,
- तपाईको फोन नं
- तपाइको फोन नम्बर राखेर सबमिट गर्ने।

४) VTM मा १५ वोटा अंङ्क लेख्न सकिएन वा बुझिएन के गर्ने?

उत्तरः यो तलको टेबुललाई राम्रो संग बुझ्ने र सोहि अनुसारको व्योहोरा ल्याबमा बुझाउने। त्यस्तो अवस्थामा पछाडिको ५ अंङ्क मात्र पनि VTM मा लेख्न मिल्दछ। तर ल्याबले उक्त ५ अंङ्क मात्र राखेर रिसिभ गरेमा समस्या पर्दछ। ल्याबले अगाडिको ४ र ६ गरि १० वोटा र पछाडिको ५ वोटा समेत गरेर VTM बुझेको ब्योहोरा प्राप्त हुनु पर्दछ।

| पहिलो ४ अंक | दोश्रो ६ अंक | अन्तिम ५ अंक |
|---|---|---|
| तपाँइको युजर आइडि हो। यो सधै एउटै हुने छ। ↓ | यो आजको अङ्ग्रेजि मिति हो। (बर्ष-महिना-गते) ↓ | स्वाबको युनिक आइडि हो ↓ |
| *यो पहिलो र दोश्रोलाई हरेक दिनको लट नम्बर भनेर बुझ्न सक्नु हुने छ।* | | |
| **0701** | *201027* | **57895** |
| यो भाग सधै समान हुने छ। | यो नम्बर एक दिन भरिका लागि समान हुने छ। | यो पटक्कै पिच्छै फरक हुने छ। |

५) मैले ल्याबमा पठाउदा कुन Excel Sheet पठाउने हो?

उत्तरः imucovid19.mohp.gov.np मा लगइनगरि आज आफुले स्वाब संकलन गरेको जुन जुन VTM हो त्यो हेर्ने। त्यसमा SID (१५ अंण्ङको) र “Pending” भएको Excel Sheet प्रिन्ट गर्ने र त्यसमा भएको VTM समेत पठाउने हो।

६) मैले मोबाएलबाट दर्ता गरेको मेरो डाटा मेरो सिआइसिटि टिम वा पालिकामा देखिएन के गर्ने?

उत्तरः तपाईले मोबाएलबाट रिफ्रेस गर्नु भयो वा मोबाएलमा इन्टरनेट जोडेर डाटा सर्भरमा सिङ्क गर्नु भयो। तपाईले दर्ता गरेको डाटा मोबाएमा छ कि छैन यकिन गर्नुहोस। अथवा तपाइ त्यस पालिका भित्रको एकाण्टमा त हुनुहुन्छ? यदि नभएमा IMU Nepal मा सम्पर्क गर्नु होस।

७) मैले संकलन गरेको डाटा सर्भरमा अपलोड भएन के गर्ने?

उत्तरः हरेक पटक बिभिन्न बिधिले गर्दा पनि सर्भरमा डाटा अपलोड भएन भने निम्न अनुसारको बिधि अपनाउनुहोस।

- IMU Nepal मोबाएल एपमा दाहिने माथि टपमा ३ वोटा थोपोमा थिच्नुहोस।
- Backup Up मा थिच्नुहोस। Backup Complete देखिनु पर्दछ।

- मोबाएको Internal Storage वा External Storage मा जानुहोस। Android मा जानुहोस, data मा जानुहोस, com.aamakomaya.hamrosurvey मा जानुहोस, files मा जानुहोस, backup मा जानुहोस, backup भित्र तपाईले survey_तपाईको युजरनेम_मिति .db फाइल देख्नुहुने छ। त्यो फाईल IMU Nepal मा पठाउनुहोस।
- अन्य प्राबिधिक समस्या परेमा निम्न फोन र इ-मेल र फेसबुक म्यासेन्जरमा पठाउनु हो।

फोनः 9849682324 ( Support)

e-mail: imucovidnepal@gmail.com

Facebook page: https://www.facebook.com/covid19imu